मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक


आज राष्ट्रिय भाक्का दिवसः पृष्ठ २मा

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ५७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ पुस २९ गते बुधवार (Wednesday, January 13. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-



# बिर्तामोडलाई सेल्टर बनाएर मोटरसाइकल चोरी

**झापा, पुस २८।** मोटरसाइकल चोरीमा सम्लग्न सात जनालाई इलाका प्रहरी कार्यालय अनारमनीले पक्राउ गरेको छ।

झापाको बिर्तामोडलाई 'सेल्टर' बनाई कोठा भाडामा लिएर चोरीमा सम्लग्न गिरोहलाई नै प्रहरीले पक्राउ गरेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले जानकारी दिए। पक्राउ परेकाहरुबाट १४ वटा मोटरसाइकलसहित एकथान स्कुटर बरामद गरिएको प्रहरी नायव उपरीक्षक रिजालले बताए।

पक्राउ पर्नेमा इलाम माई नगरपालिका-२ निवासी २२ वर्षीय क्षितिज भनिने रोशन तामाङ, सोही ठाउँका २० वर्षीय रोशन वुढाथोकी, माई नगरपालिका-६ निवासी ३० वर्षीय रोशन गिरी, सोही ठाउँ निवासी ३० वर्षीय राजेश गिरी सोही ठाउँका २० वर्षीय मनिष गिरी, पाँचथरको फाल्गुनन्द गाउँपालिका-३ वस्ने २१ वर्षीय रोशन भनिने २१ वर्षीय पासाङ तामाङ र ताप्लेजुङस्थित सिदिङ्वा गाउँपालिका-४ निवासी २२ वर्षीय सन्दीप लिम्बू रहेका छन्।

विभिन्न मितिमा हराएका मोटरसाइकलसहित उनीहरुलाई जिल्लाका विभिन्न ठाउँबाट पक्राउ गरिएको मंगलवार इलाका प्रहरी कार्यालय अनारमनीमा पत्रकार सम्मेलनको आयोजना गरेर सार्वजनिक गरिएको हो। प्रहरीका अनुसार केही दिनयता बिर्तामोड तथा आसपासका क्षेत्रबाट दैनिक मोटरसाइकल चोरी भएको भन्दै उजुरी पर्ने गरेका थिए। त्यसपछि गिरोहको खोजीमा लागेको प्रहरी एक हप्तामा उनीहरूलाई पक्राउ गर्न सफल भएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।



नागरिकता बनाउनेको भिडसँगै सास्ती

# दिनभर लाम लागेर पनि रित्तै

रत्नबहादुर बस्नेत

**झापा, पुस २८।** १७ वर्षीया सविना चम्लागाईंलाई नागरिकता लिन आवश्यक कागजात भएपछि घरबाट हिँड्दा दुई-तीन घण्टामा त नागरिकता बन्ला भन्ने लागेको थियो ! त्यसो नभए पनि बेलुकासम्ममा त नागरिकता लिएर फर्कौला भन्ने विश्वास थियो। तर, भोलिपल्ट पनि उनको नागरिकता बनेन।

बुद्धशान्ति गाउँपालिका-२ बुधबारेकी चम्लागाँईलाई नागरिकताको प्रमाणपत्र लिन तीन दिन लाग्यो। स्थानीय वडा कार्यालयबाट सिफारिस लिएर सनाखतका लागि आमासहित जिल्ला प्रशासन कार्यालय भद्रपुर पुगेकी उनको पहिलो दिन टोकन (पालो प्रणाली) अनुसार करिब तीन घण्टाको प्रतिक्षापछि अनुसूची दर्ता भयो र भोलि आउनु भन्दै पठाइयो। त्यसपछि उनी दोस्रो दिन बिहान १०बजेदेखि लाममा बसिन्।

६ घण्टा लाम लागेर उभिइन्। खाजा खाने समय पनि भएन उनलाई। करिब साढे तीन बजे नागरिकताका लागि आमाले सनाखत गरेपछि विभिन्न नम्बरका कोठाका भ्याल चाहर्दै नागरिकता वितरण कक्षमा पुग्दा चार बज्यो। त्यहाँ फोटो लिएर भोलि आउनु भनियो। दोस्रो दिन उनी दिनभर लाम लागेर बेलुकी रित्तै फर्किइन्। बल्ल तेस्रो दिन उनको नागरिकता बन्यो। घरबाट हिँड्दा तीन दिन लाग्ला र दिनभर उभिनुपर्ने सास्ती भोग्नुपर्ला भन्ने त उनले सोचेकै थिइनन्।

झापाको बनियानी घर भएकी मनकुमारी राईले नागरिकता हराएर प्रतिलिपि निकाल्न चार दिन लागेको बताइन्। पहिले उनकी आमाले त्यही काम एक घण्टामा सकेको पनि सुनाइन्। यस्तै बिर्तामोड-५की कुसुम केसीले त्यही कामका लागि सात दिन भइसक्दा पनि नभएको बताइन्। पहिलो दिन गतः पुस २०गते ६ दिनपछि आउन भनिएको र त्यसै अनुसार गरे पनि थप दुई दिन धाउँदा दिन भर बसेर रित्तै फर्कनु परेको उनले दुखेसो पोखिन्। खोजी गरिदिन भन्दा कसैले सुन्दैन, खोइ कहाँ जाने, के गर्ने ?'- ५५ वर्षीया केसीले निराश हुँदै भनिन्। २०५५ सालमा बनाएको उनको नागरिकतामा नागरिकता प्रदान गर्ने अधिकारीको हस्ताक्षर अस्पष्ट (केही मेटिएको) भएपछि प्रतिलिपि लिनु परेको हो। यतिखेर जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलनको कार्य भइरहेकोले नयाँसँगै पुराना, फोटो, अक्षर, हस्ताक्षर अस्पष्ट तथा केरमेट भएका र हराएका सबै नागरिकताको प्रतिलिपि लिन आउने सेवाग्राहीको भिड लाग्ने गरेको छ।

यसरी नागरिकताको प्रतिलिपि बनाउनेको संख्या पनि अत्यधिक छ। यस्ता सेवाग्राहीले अझ अल्मलिएका र ढिलासुस्ती भएको गुनासो गरेका छन्। उनीहरुले अभिलेख नभेटिएको वहाना बनाएर वेवास्ता गर्ने गरिएको समेत बताए। एक महिला सेवाग्राहीले भनिन्- 'मेरो अभिलेख (ढड्डा)मा खोजिगरिदिन पटक-पटक आग्रह गर्दा कर्मचारीले भेटिएन भने तर अर्को शाखाका चिनेको एक कर्मचारीले एकैछिनमा खोजेर ल्याइदिए।'

यी जिल्ला प्रशासन कार्यालयमा भेटिएका सेवाग्राहीहरु प्रतिनिधि पात्र मात्र हुन्। भिडसँगै धेरै सेवाग्राहीले ठूलै सास्ती पाउने गरेका छन्। एकातिर एक दुई घण्टाको काम तीन चार दिन लाग्ने ढिलाइ त छँदैछ, अर्कोतिर घण्टौंसम्म लाम लागेर बस्नुपर्ने बाध्यताका कारण सेवाग्राही मारमा परेका छन्। अनुसूची शाखामा सनाखतका लागि अभिभावक बाहिर बसे पनि नागरिकता प्राप्त गर्ने व्यक्तिले दिनभर पंक्तिमा बस्नुपर्ने बाध्यता छ। टोकनको व्यवस्था गरिदिए सहज हुने अवस्था हुँदाहुँदै पनि प्रशासनको त्यसतर्फ ध्यान गएको पाइँदैन। कार्यालय परिसरमा केही कुर्सी राखिएको भए पनि नयाँ नागरिकता बनाउनेलाई बस्ने सुबिधा छैन।

स्थानीय एक पसलेका अनुसार यस्तो भिड दशैंपछिदेखि हुन थालेको हो। लकडाउनका कारण यसअघि मानिस नआउँदा र संख्या थपिएर जाम हुँदा यस्तो अवस्था सिर्जना भएको हो। नागरिकता प्राप्त गर्नेहरुलाई छेउमै रहेको भवनमा राष्ट्रिय परिचय-पत्र बनाउन नाम दर्ता गर्न सूचना गरिएको भए पनि समय नपाएका कारण धेरै सो सेवाबाट बञ्चित हुनुपरेको समेत पाइएको छ।



## एटिएम बुथ तोडफोड प्रयास गर्दा...

**सुनसरी, पुस २८।** धरान उपमहानगरपालिका-१२ स्थित एनआईसी एशिया बैंकको एटिएम बुथ तोडफोड गर्ने प्रयास गरेको अभियोगमा कोशी गाउँपालिका-३ बस्ने २३ वर्षीय सुभान मनसुरीलाई प्रहरीले पक्राउ गरेको छ।

एटिएम बुथ तोडफोड गर्ने प्रयास गरेको भन्ने सो बैंकबाट प्राप्त भएको जानकारी अनुसार सीसीटीभी फुटेज संकलन गरी उक्त व्यक्तिको खोजी गर्ने क्रममा सो कार्यमा संलग्न सुभानलाई धरान उपमहानगरपालिका-१८ घोपाबाट प्रहरीले पक्राउ गरेको हो।

## अर्जुनधाराको नगर सभा



**अर्जुनधारा, मंसीर २८।** अर्जुनधारा नगरपालिकाको आठौं नगर सभा मंगलबारदेखि शुरु भएको छ।

सोही नगरपालिका-३स्थित पर्यटकीय क्षेत्र कैंदले पर्यापर्यटन केन्द्रको सभाहलमा नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित सभाको उद्घाटन प्रमुख अतिथि प्रदेश नं. १का सांसद् वृख प्रधानले गरेका थिए।

आगामी माघ ६ गतेसम्म विभिन्न चरणमा बैठक सञ्चालन हुने उक्त सभामा आठ वटा विधेयक पेश गरिएको छ। त्यसरी पेश गरिएको विधेयकहरुमा सहकारी विधेयक, प्रशासकीय कार्यविधि ( नियमित गर्ने) विधेयक, शिक्षा विधेयक, संस्था दर्ता विधेयक रहेका छन्।

त्यस्तै अन्य विधेयकहरुमा अर्जुनधारा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन विधेयक, अर्जुनधारा नगरपालिकाका नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकार पत्रको प्रमाणीकरण (व्यवस्थित

(बाँकी अन्तिम पृष्ठमा)

## छाप्रोसंगै जलेर बृद्धको मृत्यु

**झापा, पुस २८।** झापा दमक-३ बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा आगलागीमा परेर एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार सोमवारराति अचानक भएको आगलागीमा परी मृत्यु हुनेमा शिविरको सेक्टर नं. डी ४, छाप्रा नं. ३२५ बस्ने ६० वर्षीय देशमान राई रहेका छन्। मृतक पक्षघातका बिरामी थिए।

बाँसको टाटीले बारेको टिनको छाना भएको छाप्रामा बस्दै आएका उनको घटनास्थल मै जलेर मृत्यु भएको प्रहरी प्रवक्ता राकेश थापाले जानकारी दिए।

उक्त आगलागीबाट छाप्रा नष्ट हुँदा छाप्राभित्र रहेको सुन एक तोला, चाँदी १० तोला, नगद रु. तीन लाखसहित खाद्यान्न तथा लत्ताकपडा पूर्णरुपमा जली नष्ट हुँदा करिब रु. आठ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार। **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

## वैदेशिक रोजगारीमा ठगी बढ्दै

**झापा, पुस २८।** वैदेशिक रोजगारीका क्षेत्रमा कोभिड-१९को सङ्क्रमणपछि ठगीका घटना बढ्न थालेका छन्।

गत वर्ष वैदेशिक रोजगार विभागमा दैनिक २५ वटासम्म ठगीका घटना दर्ता हुने गरेकामा हाल ४० वटासम्म घटना दर्ता हुन थालेको विभागका सूचना अधिकारी टीकामणि न्यौपानेले जानकारी दिए।

युरोप, अमेरिकाजस्ता महादेशका विकसित मुलुकमा पठाउने भन्दै ठगीमा परेको काठमाडौं उपत्यकाका युवासमेत विभागमा उजुरी दिन आउने गरेको उनले बताए। वैदेशिक रोजगार विभागमा नै दर्ता भएको एक मेनपावर कम्पनीले एक युवालाई अमेरिका पठाउने भन्दै रु. १५ लाख ७५ हजार ठगी गरेको उजुरी सोमबार मात्रै विभागमा परेको छ- उनले भने- विशेषगरी विकसित मुलुकमा भन्दै २० वर्षमुनिका युवायुवती ठगिएको पाइएको छ।

त्यस्ता प्रकृतिका युवा अरूको लहैलहैमा लागेर ठगिने गरेको उनले

(बाँकी अन्तिम पृष्ठमा)

## मानिस हराएको सूचना



**सुकबहादुर लिम्बू** नाम गरेको, बर्ष ४० को, ५.७ उचाई भएको, कालो बर्णको मानिस २०७७ पुस २१ गते रातको ९:३० बजे माई नगरपालिका-२स्थित घर जान्छु भनी कनकाई नगरपालिका प्रजापतिबाट हिंडेको तर अहिलेसम्म सम्पर्कमा नआएको कारणले भट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न नम्बर **९८६७०५५९०३** मा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं।

डिलर आवश्यकता

स्थानः

बिर्तामोड

(प्रदेशः १ नं. प्रदेश)

सम्पर्कको लागिः

Laxmi Lube Oil Pvt. Ltd.

९८०१९१०५२२

९८०१९१०५०७

TOTAL LUBRICANTS




(2W, PCMO, CV, FEM, Industrial, Grease and others...) सेग्मेन्टका सबै प्रोडक्टहरू उपलब्ध छन्।

# हाम्रो ॐनमः शिवाय कृषि सहकारीको सभा



**बिर्तामोड, पुस २८।** हाम्रो ॐनमः शिवाय कृषि सहकारी संस्था, बिर्तामोड-५को पाँचौ बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

बिर्तामोड-२स्थित चारपानेको पर्शुराम पार्टी प्यालेसमा मंगलवार अध्यक्ष बालकृष्ण गिरीको अध्यक्षता र नेपाल दशनामी समाज केन्द्रीय संरक्षक भरतलाल गिरीको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो ।

अग्रज पत्रकार तथा संस्थाका सल्लाहकार गोपाल गिरीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि, विशिष्ठ अतिथि तथा नेपाल दशनामी समाज केन्द्रीय सल्लाहकार केदारप्रसाद गिरी, समाजका प्रदेश नं. १ अध्यक्ष तथा संस्थाका सल्लाहकार चन्द्रप्रसाद गिरी, समाजका झापा अध्यक्ष खिलबहादुर गिरी (राजु), ऊर्जाशील कृषि सहकारीका अध्यक्ष युवराज दाहाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।


९५ जना शेयर सदस्य रहेको संस्थाको शेयरपुँजी ५० लाख रुपैयाँ रहेको छ । संस्थाले हल्दिवारी-२मा १६ कट्ठा जग्गा खरिद गरेको अध्यक्ष गिरीद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । उक्त जमिनमा धान खेती गरी १६ हजार ३ सय ५० रुपैयाँ नाफा गरेको र ११ लाख रुपैयाँ ऋण लगानी गरेको जनाइएको छ ।

आर्थिक बर्ष २०७६/०७७मा २ लाख ३७ हजार ४ सय १० रुपैयाँ २२ पैसा आम्दानी गरी २ लाख १६ हजार ८ सय ५३ रुपैयाँ ३३ पैसा खर्च गरी खुदनाफा २० हजार ५ सय ५६ रुपैयाँ ३३ पैसा गरेको प्रतिवेदनमा उल्लेख छ । कार्यक्रममा अध्यक्ष गिरीले ७ बुँदे प्रस्ताव समेत पेश गरेका थिए ।

कार्यक्रममा लेखा समिति संयोजक उमेश भारतीले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा लेखा समिति सदस्य खड्गराज गिरीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक तथा सदस्य सचिव अर्जुन गिरीले गरेका थिए ।

# 'संसद विघटनको अधिकार प्रधानमन्त्रीलाई कसले दियो ?'

**विर्तामोड, पुस २८।** नेपाली कांग्रेसका केन्द्रीय सदस्य कल्याण गुरुङले प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटनको निर्णय असंवैधानिक र अपरिपक्व भएको बताएका छन् ।



नेपाली कांग्रेस झापाको आयोजनामा विर्तामोडमा सम्पन्न कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै नेता गुरुङले प्रधानमन्त्रीले व्यक्तिगत महत्वाकांक्षाका लागि संविधानमा व्यवस्था नै नभएको धारा प्रयोग गरेर संसद भंग गर्नु संवैधानिक दृष्टिले असंवैधानिक र राजनीतिक रुपले अपरिपक्व निर्णय भएको बताएका हुन् ।

'काम गर्न नपाएर संसद विघटन गर्नुपरेको' भन्ने प्रधानमन्त्रीको अभिब्यक्तिलाई लक्षित गर्दै नेता गुरुङले प्रश्न गरे- 'संसदले प्रधानमन्त्रीलाई कुन काम गर्न रोक्यो ? प्रमुख प्रतिपक्षी कांग्रेसले कुन काम गर्न रोक्यो ? एउटा मात्रै देखाउन म चुनौति दिन्छु ।'

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलनका हिसावले पनि कार्यपालिकाका प्रमुखले व्यवस्थापिका संसद भंग गर्नै नसक्ने दावी गर्दै उनले भने- 'कसलाई प्रधानमन्त्री राख्ने वा नराख्ने ? कसलाई राष्ट्रपति बनाउने ? संवैधानिक निकायका प्रमुखमा कसलाई नियुक्ति गर्ने ? भन्ने अधिकार संसदले राख्छ । लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित अधिकार सम्पन्न संसद बिघटनको अधिकार प्रधानमन्त्रीलाई कसले दियो ?' संविधानमा प्रधानमन्त्रीले संसद विघटन अघि विश्वासको मत लिनैपर्ने संवैधानिक व्यवस्था रहेको उनको भनाइ थियो ।

संविधानको धारा १२८को उपधारा (२) ले संविधानको ब्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई दिएको बताउँदै उनले नेपाली कांग्रेसले सर्वोच्चको फैसला संसद विगठनको पक्ष वा विपक्ष जे आए पनि कांग्रेसले स्वीकार गर्ने बताए । लोकतन्त्रको कानूनी शासन र संवैधानिक सर्वोच्चताको कांग्रेसले सँधै सम्मान गर्ने पनि उनले स्पष्ट पारे ।

नेपाली कांग्रेसले प्रधानमन्त्रीको असंवैधानिक कदमकाविरुद्ध देशव्यापी आन्दोलन जारी राखेको बताउँदै उनले संसद पुनर्स्थापनाको माग, संगठन सुदृढीकरण, कांग्रेसको महाधिवेशन र निर्वाचनको पूर्वतयारी समेत सँगसँगै अघि बढाएको बताए ।

नेपाली कांग्रेसको महाधिवेशन आगामी फागुनमै हुन नसके पनि पार्टीको विधान र संवैधानिक ब्यवस्थाका कारण २०७८ भदौभित्रमा महाधिवेशन सक्नैपर्ने बाध्यता रहेको उनको स्पष्टोक्ति थियो । आगामी १४औं महाधिवेशनमा पार्टी सभापतिमा उम्मेदवारी दिने घोषणा समेत गरेका गुरुङले सभापति बाहेकका पदमा चुनाव नै नलड्ने ठोकुवा समेत गरे । आफ्नो टिमसहित महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने बताएका उनले टिमको टुङ्गो भने लागिनसकेको बताए ।

कार्यक्रमको सञ्चालन नेपाली कांग्रेस झापाका सचिव प्रेम सम्बाहाम्फेले गरेका थिए ।

# साम्योहाङ दरबार भग्नावशेषमा सीमित

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, पुस २८।** ताप्लेजुङ जिल्लाको तमोरखोला क्षेत्र आदिम लिम्बू जातिको इतिहास बोकेको (मुन्धुम)को उद्गम थलोका रुपमा लिइन्छ ।

हालको नेपालको पूर्वी भागको लिम्बूवान क्षेत्रमा बसोबास गरिरहेका आदिम मूलवासी लिम्बू जातिको आगमन पनि हजारौँ वर्ष अगाडि मङ्गोलियाबाट उत्पत्ति हुँदै चीनको सिचुवान प्रान्तबाट तिब्बतको बाटो भएर तमोरखोला क्षेत्रबाट नेपालको पूर्वी क्षेत्रमा प्रवेश गरेको इतिहास छ ।

यहीँबाट हालको ताप्लेजुङलगायत पाँचथर, धनकुटा, इलाम, तेह्रथुम, झापा, मोरङ र सुनसरीलगायत नेपालको विभिन्न क्षेत्रमा छरिएर बसोबास गर्न थालेका लिम्बू जाति भारतको सिक्किम, दार्जीलिङ, आसाम र भूटान लगायतका देशमा फैलिएर बस्न थालेको इतिहास छ । लिम्बू जातिको इतिहाससँग जोडिएका ताप्लेजुङका विभिन्न स्थलहरु संरक्षण र प्रवर्द्धनको पर्खाइमा छन् । त्यस्ता ऐतिहासिक स्थलहरुमध्ये कतिपय संरक्षणको अभावमा नासिँदै गएका छन् ।



ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका-२को खेजेनिमस्थित ऐतिहासिक राजा साम्योहाङको दरबार पनि अहिले भग्नावशेषमा परिणत भएको छ । संरक्षणको अभावमा सो दरबार नासिएर माटोको ढिस्कोमा सीमित हुन पुगेको छ । खेजेनिमको गढीथुमस्थित सो स्थानमा विद्यालय निर्माण गर्दा, नजिकै अन्य संरचना निर्माण गरेका बेला अलिअलि भग्नावशेषमा रहेको ढुङ्गाको पनि प्रयोग गरेर विनाश भएपछि हाल सो स्थान माटोको ढिस्कोमा परिणत भएको स्थानीयवासी ८७ वर्षीय धनशेर अन्छङ्बो लिम्बूले बताए । उनका अनुसार सन् ३००मा राजा माबोहाङको सन्तान राजा साम्योहाङले तमोरथुमको शासन गरेको बेलामा उनका दुई छोराहरु सुत्लुफिङ र मेदइनन् यहीबाट तत्कालीन विजयपुरको राज्यमा खान फौजले आक्रमण गरेका बेला विजयपुरका राजा बुद्धिकर्ण रायले राजा साम्योहाङलाई सहयोग मागेपछि सहयोगका लागि बिजयपुर गएका थिए । विजयपुरको लडाइँमा उनीहरुले युद्धसमेत जितेर फर्किएका थिए । त्यसपछि यहाँबाट एक भाई इलामतिर गएका थिए ।

विशेष गरेर यही राजा साम्योहाङका सन्तान नै हालको खेजेनिममा बसोबास गरिआएको अन्छङ्बो लिम्बू, सवेनहिम, साम्रा, पतङ्वा र त्यहीको सन्तान इलाममा गएकाले चेम्जोङ थर भएको स्थानीय राजेन्द्र अन्छङ्वोको भनाइ छ । अहिले सो स्थानमा सो थरि लिम्बूको बेग्लै भए पनि किन सो ऐतिहासिक दरबारको अवशेषको संरक्षण हुन सकेन भन्ने प्रश्न पनि उठेको छ । स्थानीयवासी राजेन्द्र अन्छङ्बोले भने- मैले थाहा पाउँदा यहाँ ढुङ्गाको पर्खाल थियो र बाहिर हतियार उध्याउने ढुङ्गा पनि थियो तर जनयुद्धकालमा यो विद्यालयको छेउमा रहेको हालको खेजेनिम आधारभूत विद्यालयको खेल मैदान निर्माण गर्दा सो पर्खालको ढुङ्गा सबै फुटाएर प्रयोग गरियो र सबै नाश भयो ।

सो स्थानमा अझै पनि एउटा ठूलो ढुङ्गा रहेको छ । जसमा शत्रुले दरबारमा आक्रमण गर्दा तिरले लागेर छियाछिया भएको छ जुन अहिले पनि देखन सकिन्छ । सो ऐतिहासिक स्थलको संरक्षणका लागि अहिलेसम्म कुनै काम हुन सकेको छैन । पहिले सो स्थानको वरिपरि खेतीपाती गरिन्थ्यो तर अहिले त्यसलाई संरक्षण गर्नका लागि त्यस क्षेत्रलाई प्रयोग गरिएको छैन । अग्लो डाँडोमा रहेको सो स्थानमा ठूला रुखले संरक्षण गरेको छ भने अन्य मानवीय संरक्षणको पहल भएको छैन ।

लिम्बू जातिको अस्तित्वका रुपमा रहेको एउटा जिउँदो प्रमाण रहेको यो स्थानलाई संरक्षणको टड्कारो आवश्यकता खड्किएको छ । पहिचान र अस्तित्वका लागि जिउँदो इतिहासको संरक्षण र व्यवस्थापन गर्नु सम्बन्धीत जाति र तीन वटै तहको सरकारको दायित्व हो ।

# नेकपा विभाजनको तरङ्गले भौतिक सम्पत्ति नियन्त्रणको प्रयास

**अशोक दाहाल**

**काठमाडौं, पुस २८।** संसद् सचिवालयले पुस २५ गते नै आफ्ना कर्मचारीहरूको तलब जम्मा गरिसक्यो । तर कर्मचारीसँगै तलब पाउँदै आएका राष्ट्रियसभाका सांसदको तलब केही दिन रोकियो । सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टीमा उत्पन्न विवाद र विभाजनकै कारण त्यसो भएको हो ।

पार्टी विवादसँगै दुई धारमा बाँडिएका नेकपाका दुई दर्जन सांसदले लेभी रोकिदिन आग्रह गरेपछि संसद् सचिवालयले सांसदहरूको तलब निकासा गर्न यो महिना केही ढिलो भएको जनाएको छ ।

दुई दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकतापछि गठित नेकपाले संयुक्त बैक खाता नबुझाएकाले संसद् सचिवालयले एमाले र माओवादी केन्द्रबाट निर्वाचित सांसदको लेभी छुट्टाछुट्टै बैक खातामा पठाउँदै आएको थियो ।

सचिवालयका प्रमुख लेखा नियन्त्रक वसन्तराज सिग्देलका अनुसार एमालेपट्टिका सांसदको लेभी नबिल ब्याङ्कमा र माओवादीपट्टिका सांसदको एभरेस्ट बैकमा जम्मा गरिन्थ्यो ।

तर, तात्कालिक एमालेबाट राष्ट्रियसभा गएका सांसदहरू प्रधानमन्त्री केपी ओलीको समूह परित्याग गरेर प्रचण्ड-माधव नेपाल समूहमा लागेपछि उनीहरूले एमालेको पुरानो खातामा जम्मा हुने आफ्नो लेभी रोकिदिन निवेदन दिए । पार्टी विवादपछि प्रचण्ड-माधव नेपाल समूहका आफूसहित २३ सांसदले पार्टीलाई बुझाउँदै आएको लेभी रोक्का गरिदिन सचिवालयमा लिखित निवेदन दिएको राष्ट्रियसभा सदस्य उदया शर्मा पौडेलले बीबीसीलाई जानकारी दिइन् ।

यो महिनाबाट 'मेरो लेभी कट्टी नगरिदिनुहोला, मेरै खातामा पैसा जम्मा गरिदिनुहोला' भनेर निवेदन दिएकी छु । पछि जहाँ हुन्छ त्यहीँ दिन्छौं, अहिले चाहिँ नदिने भन्ने हो- सांसद पौडेलले भनिन् । तर कुनै समूहमा नखुलेका तर दुवै पक्षले उपाध्यक्ष पदमै राखेका वामदेव गौतमले भने निवेदन दिएका छैनन् ।

सांसदहरूको निवेदन आएपछि यो महिनाबाट दुवै पक्षका सांसदको लेभी नकाटी पूरै तलब उनीहरूको खातामा जम्मा गरिदिने निर्णय भएको लेखा नियन्त्रक सिग्देलले बताए। सचिवालयले मङ्गलवारभित्रै राष्ट्रिय सभाका ५९ सांसदको तलब निकासा गर्ने तयारी गरेको थियो ।

**कति काटिन्थ्यो लेभी**

प्रतिनिधिसभा विघटन पछि तल्लो सदनका २७५ सांसदको पुस ५ गतेबाट तलब र अन्य सुविधा रोकिइसकेको छ । मन्त्री रहेका सांसदलाई भने संसद् सचिवालयले तलब निकासा गर्नुपर्दैन । सचिवालयले लेभी जम्मा गरिदिन सहजीकरण मात्र गर्दै आएको थियो । अहिले नेकपामा देखिएको लेभी नकाटिदिन भन्दै धेरै सांसदहरू आएपछि हामीले लेभी नै नकाट्ने निर्णय गरेका छौँ- सिग्देलले भने ।

यसअघि पार्टी एकतापछि पनि पूर्वएमाले र माओवादी केन्द्रका सांसदको लेभी फरकफरक भएको विषयमा प्रश्न उठेपछि नेकपाले पार्टीका सबै सांसदको लेभी १२ हजार रुपैयाँ कायम गरिएको थियो । त्यसअघि माओवादीबाट निर्वाचित सांसदले १२ हजार रुपैयाँ र एमालेबाट निर्वाचित सांसदले १३ हजार पार्टीलाई बुझाउँदै आएका थिए ।

दुई दल एकीकरणपछि एमाले र माओवादी केन्द्रको छुट्टै कानूनी अस्तित्व सकिएको भन्दै संसद् सचिवालयले नेकपाको नाममा बैक खाता बुझाउन ताकेता गरेको थियो । तर नेकपाले छुट्टै बैक खाता बुझाएन । एकतापछि पार्टी कार्यालय र संसदीय दलको खाता गाभेर एउटै खाता चलाउनेबारे छलफलहरू भए पनि ठोस् निर्णय कहिल्यै भएन । गत वर्ष हामीले निर्वाचन आयोगमा आयव्यय बुझाउँदा समेत छुट्टाछुट्टै खाताको हिसाबकिताब लेखापरीक्षण गरेर पठाएका थियौं- नेकपा प्रचण्ड-माधव नेपाल पक्षका कार्यालय सचिव श्रीराम ढकालले बीबीसीसँग भने ।

झण्डै तीन वर्षसम्म एउटै पार्टी रहेर अहिले विभाजनको मुखमा पुगेको नेकपाले आफ्ना आर्थिक कारोबार एकताअघिकै एमाले र नेकपा माओवादी केन्द्रका नाममा गर्दै आएको खुलेको छ ।

पार्टीको चल-अचल सम्पत्ति र आर्थिक कारोबारमा नेकपाको एकता कहिल्यै हुँदै भएन । अहिले विभाजन हुँदासम्म पनि हाम्रा आर्थिक कारोबार पूर्वमाओवादी र पूर्वएमालेकै नाममा हुँदै आएका थिए- कार्यालय सचिव ढकालले थपे ।

नेकपाको धुम्बाराहीमा रहेको पार्टी कार्यालयमा हुने कार्यक्रम र प्रमुख कार्यक्रममा एमालेको खाताबाट खर्च हुने गरेको र पेरिस डाँडामा हुने कार्यक्रमको खर्च माओवादीका नामको खाताबाट गरिँदै आएको जानकारी उनले दिए । पूर्वमाओवादीका खातामा आम्दानी पनि कम र खर्च पनि कम थियो। तत्कालीन माओवादी केन्द्र एकताअघिसम्म पनि ऋणमा थियो- ढकालले थपे ।

पार्टीका सांसदहरुले बुझाउने लेभी, राजनीतिक नियुक्ति पाएका व्यक्तिले बुझाउने 'स्वेच्छिक लेभी' बाहेक चन्दाबाट पार्टीको आम्दानी हुने गरेको उनले बताए । पूर्वएमाले र पूर्वमाओवादीका केन्द्रीय कार्यालयका मात्रै एक दर्जनभन्दा बढी बैक खाताहरू सञ्चालनमा थिए । त्यसबाहेक विभिन्न जनवर्गीय सङ्गठन, प्रदेश र जिल्ला समितिका समेत अलगअलग बैक खाताहरू भएको दुवै पक्षका नेताहरूले बताए ।

**खाता रोक्का गर्न बैकलाई दबाव**

शीर्षस्थ नेतृत्वमा देखिएको विवादका कारण एमाले र माओवादी दुवै पक्षका नेताहरू प्रधानमन्त्री ओलीको समूह र पुष्पकमल दाहाल प्रचण्ड तथा माधव नेपालको समूहमा विभाजित भएका छन् । प्रचण्ड-नेपाल समूहमा पूर्वएमालेका नेताहरू पनि गएपछि एमालेका नाममा रहेका बैक खाताहरू रोक्का राख्न उक्त समूहले विभिन्न बैकलाई दबाव दिएको छ ।

**भौतिक सम्पत्तिमा पनि दाबी**

नेकपा विभाजन प्रक्रियाअघि बढेसँगै दुवै पक्षले दलको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरूमा पनि दाबी गरेका छन् ।

उनीहरूले मुख्यतः पार्टी कार्यालयहरूमा आफ्नो नियन्त्रण राख्ने प्रयास गरेको देखिएको छ । प्रचण्ड-माधव नेपाल समूहका नेताहरूले एकताअघि माओवादीको मुख्यालय रहेको पेरिसडाँडाबाट पार्टी गतिविधि सञ्चालन गरिरहेका छन् ।

शीर्ष नेताहरू विभाजित हुनुअघि नेकपाको मुख्यालय रहेको धुम्बाराहीस्थित कार्यालय भने ओली पक्षीय नेताहरूले प्रयोग गरिरहेका छन् । तर ओली पक्षका बैठकहरू प्रधानमन्त्री निवास बालुवाटारमै हुने गरेका कारण धुम्बाराही कार्यालयमा चहलपहल देखिँदैन ।

आफ्नो पक्षका केन्द्रीय सदस्यहरूको भेलापछि प्रचण्ड र माधव नेपाल लगायतका नेताहरूले बल्खुस्थित एमालेको पुरानो मुख्यालय रहेको भूमिमा गएर त्यहाँ पार्टी कार्यालय बनाउने उद्घोष गरे ।

वि.सं. २०७२ सालको भूकम्पले त्यहाँको भवनमा क्षति पुऱ्याएपछि एमालेले आफ्नो मुख्यालय धुम्बाराहीस्थित पासाङ ल्हामु प्रतिष्ठानमा सारेको थियो। दुवै पक्षको दाबी भएपछि केही जिल्लाका पार्टी कार्यालयमा ताला लगाइएको छ । कञ्चनपुरमा ओली समूहले लगाएको ताला प्रचण्ड-माधव नेपाल समूहले खोल्ने प्रयास गरेपछि झडप पनि भएको थियो । (वीवीसी)

## बैदेशिक ...

बताए । उनका अनुसार खाडी मुलुकमा पठाउने नाममा ठगीका घटना बढी दर्ता हुने गरेका छन् । विभागमा स्वदेशभित्र भएका उजुरी मात्र नभई वैदेशिक रोजगारीमा गइसकेका श्रमिकले समेत सम्बन्धित दूतावासमार्फत उजुरी गर्न पाउने प्रावधान छ । त्यस्तै सम्झौता अनुसारको सेवासुविधा र काम नपाएको खण्डमा विदेशमा रहेका श्रमिकले उजुरी गर्न पाउने प्रावधान रहेको उनले बताए ।

कोभिड-१९को सङ्क्रमणपछि लकडाउनका कारण केही समय उजुरी दर्ता र फछ्र्यौटको काम बन्द भए पनि सो समयपछि भने ठगीका उजुरीहरु बढ्ने गरेको विभागले जनाएको छ । उजुरीका आधारमा दण्डजरिवाना गराउन सक्ने र मुद्दा चलाउन सक्ने सम्पूर्ण अधिकार विभागको छ । विभागको कार्यविधि अनुरुप मेनपावर कम्पनीले रु. दुई करोड धरौटी अनिवार्य राख्नुपर्छ । उजुरीका आधारमा मेनपावर कम्पनीमार्फत तथ्याङ्क लिइसकेपछि सो धरौटी रकममार्फत विभागले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ ।

वैदेशिक रोजगारीका क्रममा भने अनुसारको तलब, काम र सेवासुविधा नपाएको खण्डमा पनि पीडितले स्वदेश फर्किइसकेपछि विभागमा उजुरी गर्न पाउँछन् । यदि छ महिनामा नै पीडित फर्किएको खण्डमा एक वर्षभित्र र सेवाअवधि पूरा गरेर फर्किएको एक वर्षभित्र मेनपावर कम्पनीविरुद्ध पीडितले उजुरी गर्न पाउने प्रावधान छ ।

विभागबाट इजाजत प्राप्त मेनपावरका कतिपय उजुरी फोनमार्फत सुनुवाइ गर्ने गरेको सूचना अधिकारी न्यौपानेको भनाइ छ । विभागले पटकपटक ताकेता गर्दा मेनपावरबाट कुनै प्रतिक्रिया नआएको खण्डमा विभागले पक्राउ पुर्जी जारी गरी सम्बन्धित मेनपावर कम्पनीका व्यक्तिलाई जेल चलान गर्दै आएको छ ।

इजाजत प्राप्त मेनपावर कम्पनीले गर्ने गरेको ठगी र व्यक्तिगत ठगी घटनाका उजुरीहरु दर्ता हुने गरको विभागले जनाएको छ ।

सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयले वैदेशिक रोजगारी ठगीका उजुरीको सुनुवाइ गर्दै आइरहेका छन् । जिल्लाबाट सुनुवाइ गर्न नसकिएका उजुरीहरु भने विभागमा जाने गर्छन् । त्यसैगरी विभागको कारबाही चित्त नबुझेको खण्डमा पीडितले सो उजुरी पुनरावेदनमार्फत उच्च अदालतमा दर्ता गराउन पनि पाउँछन् ।

## अर्जुनधाराको ...

गर्ने कार्यविधि) विधेयक, अर्जुनधारा नगरपालिकाको प्राकृतिक स्रोत तथा वातावरण संरक्षण विधेयक र अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक रहेका छन् ।

सोही सभामा वस्तु तथा सेवा उपभोक्ता महासंघका अध्यक्ष एवम् 'भान्सा नै औषधालय' का अभियन्ता रोमलाल गिरीले अभियानका विषयमा जानकारी गराएका थिए । सभाको सञ्चालन सूचना अधिकारी हिमराज सेढाईंले गरेका थिए ।


## हार्दिक बधाई

कृषि उपज थोक बजार बिर्तामोडको २०७७ पुस २४ गते सम्पन्न निर्वाचनबाट पौड्याल बंशोद्धार नगर समिति बिर्तामोडका अध्यक्ष **श्री कमलप्रसाद पौडेल** अध्यक्षमा सर्वसम्मत रुपमा चयन हुनुभएकोले उहाँ लगायत सम्पूर्ण निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



श्री कमलप्रसाद पौडेल

पारस पौड्याल, सचिव | सुष्मा पौड्याल, कोषाध्यक्ष | हरिप्रसाद पौड्याल, उपाध्यक्ष

एवम् **पौड्याल बंशोद्धार नगर समिति,** बिर्तामोड, परिवार

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क: राजकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२७, ०२३-५४६००५




दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी 023-545402 9825952677 9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्कनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

# अस्थिरताले भलो गर्दैन

प्रधानमन्त्री केपी ओली सिंहदरवार नगएको दश महिना भयो । अस्वस्थता र कोरोनाका कारण निवासबाटै सरकारको काम चलाएका प्रम यतिबेला भने अति व्यस्त छन् । तर, त्यो व्यस्तता सरकारको जिम्मेवारीले भन्दा पनि आफ्नै दल नेकपा भावनात्मकरुपले विभाजित भएको अवस्थामा आफ्नो समूहलाई बलियो बनाउने काममा बढी भएको टिप्पणी गरिँदैछ । हुन पनि पुस ५ गते प्रतिनिधि सभा विघटन गरेपछि नेकपा आफैं दुई ध्रुवमा विभाजित भएको छ । विभाजित नेकपाका दुबै समूहले आफूलाई आधिकारिक दाबी गर्दै आएका छन् । यही आधारमा नेता तथा कार्यकर्ता आफ्नो समूहमा तान्न दुई समूह नै लागीपरेका छन् । त्यसयता प्रमको सक्रियता अत्यन्त धेरै बढेको छ । अहिले कुनै दिन छैन उनले नबोलेको, कुनै जिल्ला छैन जहाँ विभाजनको प्रभाव नपरेको ।

नेकपाको दाहाल–नेपाल समूहले प्रदर्शन गरिरहेको छ । प्रतिनिधि सभा विघटनपछि शुरु भएको विरोध प्रदर्शनका क्रममा अशिष्ट र उत्तेजक नाराबाजी पनि भएका छन् । एकातिर विरोध र अर्कातिर समर्थनमा हुन थालेका प्रदर्शनले मुलुक फेरि–मुठभेडमा जाने त्रास बढाएको छ । प्रतिनिधि सभा विघटनका विरुद्ध सर्वोच्च पुगेको मुद्दा विचाराधीन छ, तर संविधानका रक्षक तथा पालकहरु नै दवाव सिर्जना गर्न लागेका छन् भने निष्पक्ष रहनुपर्ने निर्वाचन आयोग पनि प्रभाव र दवावको चेपुवामा पर्न थालेको अनुभव गरिँदैछ । प्रधानमन्त्रीले घोषणा गरेको आउँदो बैशाखमा हुने भनिएको प्रतिनिधिसभाको निर्वाचन यथासमयमा हुनेमा संशय मात्र होइन सत्तारुढ दल नेकपाकै अर्को समूहले हुनै नसक्ने ठोकुवा गरिरहेको छ । अन्य प्रतिपक्षी र विपक्षी दलहरुको पक्ष–विपक्षमा मत देखिँदैछ । प्रजातन्त्रको स्थापनाकै लागि लामो संघर्ष गरेको दाबी गर्ने दलहरुभित्र पद, प्रतिष्ठा एवम् सत्ता स्वार्थको अन्तरसंघर्ष सडकमा यसरी छताछुल्ल हुनुले शुभ संकेत भने पक्कै दिँदैन ।

वर्तमान समस्याको जड सत्तारुढ दल नेकपा नै हो, जसले पनि बुझेको सत्य हो । घरभित्रको असन्तुष्टिको व्यवस्थापन गर्न नसक्दा हुर्किएको विवादको अवतरण कसरी हुन्छ त्यो भविष्यले बताउला । तर, सरकार प्रमुख तथा मन्त्रीपरिषद्का सदस्यहरुको जिल्ला दौडाहा र समर्थन सभाको तीव्रताले सहज अवतरण हुने सम्भावना भने कमै छ । सरकारको समर्थनमा भएका सभाका वक्ताहरु प्रधानमन्त्रीको कदमको बचाउ गर्दै विरोधी पक्षलाई लोकतन्त्रका विरोधी भएको आरोप लगाउँदैछन् । समर्थक तथा कार्यकर्ताहरुलाई उत्तेजित बनाउने र प्रतिकारमा उत्रिन प्रेरित गर्ने यस्ताखाले अभिव्यक्ति, गतिविधि र चलखेलको परिणाम कसैको पक्षमा पनि हुँदैन । इतिहासले प्रदान गरेको एकमना र दुई तिहाईको सरकारलाई जनता वा विपक्षी कसैका तर्फबाट पनि व्यवधान थिएन । राजनीतिक स्थिरताका लागि प्राप्त मतको उपयोग र सम्मान गर्न नसक्नु कार्यकारी प्रमुख र उनी सम्बद्ध दलकै कमजोरी हो । यस्तोमा फेरि जनतालाई असहज हुने वातावरण सरकारका तर्फबाट निर्माण गरिनुहुन्न । शान्ति स्थायी होस्, विधिको शासन कायम होस् जनअपेक्षा यत्ति हो । यसैबाट मात्र देश र जनताको भलो हुन्छ ।

# हुकुमको जवाफ छैन, मुर्खको ओखती छैन



चिन्तामणि दाहाल

नेपालमा लामो समयसम्म हुकुमको जवाफ छैन, मुर्खको ओखती छैन भन्ने यी दुबै उखान प्रचलित र प्रभावकारी भए । तर, २०६५ सालमा गणतन्त्र आएर सोही आधारमा २०७२ सालमा गणतन्त्रात्मक संविधान जारी भएपछि मुर्खको ओखती छैन भन्ने उखान मात्र प्रभावकारी रहँदै आएकोमा अहिले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेर आफ्नो विरोध गर्नेहरुलाई पाँडे गालीमा सत्तोसराप गर्न थालेपछि भने दुबै उखान पुनः प्रभावकारी बन्न थालेका छन् । समाजमा यी दुबै उखान



प्रभावकारी हुनु भनेको खतराको घण्टी बजिरहनु हो । अहिले त्यही भइरहेको छ ।

**शीर्षक पुष्टि :**

जहाँ राजा वा तानाशाह हुन्छन् त्यहाँ हुकुमको जवाफ छैन भन्ने उखान चलिरहेको हुन्छ । अहिले त नेपालमा राजा पनि छैनन् र तानाशाह पनि छैनन् । तर, पनि यो उखान प्रभावी हुन थाल्यो । २०७२ सालयता निष्प्रभावी भएको यो उखान अहिले २०७७ पुस ५ गते यता प्रभावी भएको छ । अहिले हुकुम गर्ने स्थान दुईवटा छन्, एक राष्ट्रपति र अर्को प्रधानमन्त्री । यी दुबै मिल्दा हुकुम पनि आउन थालेको छ भने घोषणा पनि पटक-पटक आउन थालेका छन् । यस्ता हुकुमको जवाफ हुँदैन । किनकि यस्ता हुकुमलाई कायम राख्न आलोचकलाई दबाउने काम गरिन्छ । दबिएन भने मात्र कुरा बाहिर आउने हो ।

त्यसैगरी मुर्खको ओखती हुँदैन । अहिलेसम्म मुर्ख्याईं गरेबापत ओखती खुवाएर निको भएको तथ्यांकै छैन । नेपालमा मात्र होइन विश्वमै मुर्खको ओखती बनाएकै छैनन् । हुँदैन भनेर पहिला भन्थे । अहिले पनि ओखती बनाएका छैनन् । अझ केही दिनयता राजनीतिक दलका नेताहरु अझ शीर्ष तहमै बसेकाहरु मुर्खले जस्तै काम गरिरहेको देखिएको छ । त्यसमाथि प्रधानमन्त्री ओलीकै भाषणमा कुनै नीति, सिद्धान्त, विचार र कार्यशैलीका कुराभन्दा गाली, धम्की, चेतावनी, चुनौति, न्यायालय माथि दबाब बनाउने कार्यक्रम र भाषण आदि रहेका छन् । यी गाली र धम्कीको ओखती अहिलेलाई देखिएको छैन । नत आयुर्वेदमा न एलोप्याथीमा मुर्ख्याईंको ओखती नै बनेको छ । मुर्खको ओखती भनेको मुर्ख्याई गर्न छोड्नु नै हो ।

**हुकुमको जवाफ छैन :**

घटना अचानक भएको त होइन । तर, संविधानले बहुमत पाएको प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार नदिएको हुँदा उनकै पार्टीका नेता जो उनलाई राजीनामा गराउन अधिकतम दबाब दिँदै थिए ले विश्वास गरेका थिएनन् । यही अविश्वासकै बीच प्रधानमन्त्री ओलीले अवशिष्ट अधिकारको प्रयोग गरेजस्तै गरी प्रतिनिधि सभा विघटन गरिदिए ।

ओलीको विघटन गर्ने सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले हुकुम प्रमांगी गरिदिइन् । अर्थात् विघटनको सिफारिस संविधानसम्मत छ छैन भन्ने विश्लेषण नगरी उनले सदर गरिदिइन् । मानौं यो हुकुम प्रमांगी हो । नेपालका राजाहरु हुकुम प्रमांगी गर्थे । भण्डारीले त्यही गरिन् । हामीले अर्थात् नेपाली जनताले सक्रिय राष्ट्रपति खोजेको होइन । तर, संविधान विपरित सिफारिस सदर गर्ने निरीह र विरालोले मुसालाई लठ्याएर खेलाए झैं प्रधानमन्त्रीले खेलाउने राष्ट्रपति पनि खोजेको होइन । किनकि राष्ट्रपतिलाई संविधानको संरक्षक भनेर संविधानमै लेखिएको छ ।

रक्षकले नै भक्षकको काम गर्नु हुँदैनथ्यो । उनले सिफारिसमा हुकुम प्रमांगी गर्नुअघि यस्तो विवादास्पद सिफारिस संविधानसम्मत छ छैन भनेर सर्वोच्च अदालतसँग राय माग्न सकिन्थ्यो । सर्वाधिकार तथा देशकै सार्वभौमसत्ता आफ्नै हातमा भएका राजा विरेन्द्रले पनि एकपटक सर्वोच्चको राय लिएर मात्र काम गरेको नजिर थियो । सर्वाधिकार सम्पन्न राजाले बक्सेको हुकुमको जवाफ हुँदैनथ्यो । किनकि राजाको हुकुम नै कानून हुन्थ्यो । अहिले त त्यस्तो अधिकार न दुईतिहाइको प्रधानमन्त्रीलाई छ न राष्ट्रपतिलाई ।

यस्तो हुँदाहुँदै पनि विघटनको हुकुम भएकोले अब यसको जवाफ खोज्ने दुईवटा बाटा छन् । एक अहिले सर्वोच्च अदालतमा बहस भइरहेको बाटो र अर्को जनविद्रोहको बाटो । पहिलो बाटो अहिले रोजिएको छ । जनताले नै बनाएको संविधान भएकोले यही बाटो नै उपयुक्त पनि हो । संविधानले पनि संविधानको ब्याख्या गर्ने अधिकार सर्वोच्चलाई दिएकोले चित्त नबुझे पनि उसको निर्णय मानेर अघि बढ्नु बुद्धिमानी हो ।

**मुर्खको ओखती छैन :**

माथि नै चर्चा गरियो, मुर्खको ओखती छैन । अहिले एकले अर्काको सत्तोसराप गर्ने काम जो भएको छ एकदम गलत ढंगले भइरहेको छ । राजनीतिमा आलोचना गरिन्छ एकले अर्काको । विरोध पनि गरिन्छ र गर्नुपर्छ एकले अर्काको । तर, त्यस्तो विरोधको भाषा राजनीतिक हुन्छ । कार्यक्रमिक हुन्छ । पाँडेगाली हुँदैन । तुच्छ भाषामा गाली गर्नुहुँदैन ।

पुस ५ गतेयता नेकपामा ओली र प्रचण्ड-नेपाल गुट खडा भएको छ । औपचारिकरुपमा पार्टी नफुटे पनि दुबै गुटले एकअर्कालाई कारवाही गर्नेदेखि लिएर अलग-अलग अध्यक्ष र जिम्मेवारी पनि हेरफेर गरेका छन् भने आफू नै असली नेकपा हो भनेर निर्वाचन आयोगमा दाबी पनि पेश गरेका छन् । त्यसैगरी हरेक दिनका भाषणमा सुन्दैछु, एकले अर्कालाई खुइल्याउने गरी भाषण ठोकेका छन् । एकले अर्कालाई अपराधी भन्नसम्म भ्याएका छन् । यसैलाई पंक्तिकारले मुर्खता भनेको हो । यसको ओखती कहाँ हुनु, कसले बनाउन सक्छ र !

# आज राष्ट्रिय भाक्का दिवस



दिपेश राजवंशी



एकाबिहानै झिसमिसे कुहिरोभित्र मर्निङवाक गर्दा होस् या कलेज जाँदा होस्, चोक-चोकमा भाक्का बेच्ने महिला दिदीबहिनीहरुको बलिरहेको चुल्हो र चुल्होमाथि बसाएको पानीले भरिएको हन्डी अनि उनीहरुको वरिपरि भाक्काको स्वादमा रमाई रहनेहरुको घुइँचो हेरिरहुँ झैं लाग्छ । विगतमा झैं यस वर्ष पनि पूर्वी नेपालमा आज पुस २९ गते हर्सोल्लासका साथ चौथो राष्ट्रिय भाक्का दिवस मनाइँदैछ । भाक्का कोच समुदायको एउटा परम्परागत विशिष्ट मौलिक परिकार भएता पनि कोचिला गाभुर फ्रन्ट नामक सामाजिक संस्थाले वि.सं. २०७४ सालदेखि निरन्तर पुस २९ गते राष्ट्रिय भाक्का दिवस विविध कार्यक्रम गरी मनाउँदै आइरहेको छ ।

कोचिला गाभुर फ्रन्टका केन्द्रीय अध्यक्ष अभय राजवंशीका अनुसार कोच समुदायको लोक सांस्कृतिक पर्व र खानपानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष पुस २९ गते 'भाक्का दिवस' मनाउने निर्णय गरिएको हो । हरेक वर्ष पुस २९ गते कोच आदिवासीको घर-घरमा छोरी-ज्वाइँ तिनका लालाबालाहरु माइती पट्टीका आफन्तले बोलाउने आफन्त-आफन्तबीच भेटघाट गरी तिलको लड्डु, भाक्का, पी जस्ता परिकार घर-घरमा बनाएर खाने चलन रहिआएको छ । अर्को दिन माघ १ गते समेत रसिया, खिचडी भाक्का लगायतका परिकार खाने चलन रही आएको छ । त्यसकारण हरेक वर्ष पुस २९ गते मनाइने राष्ट्रिय भाक्का दिवसले नयाँ पुस्तामा पनि आफ्नो संस्कार प्रति प्रेम र मौलिकता पुस्तान्तरण हुने विश्वास गरिन्छ ।

कोचिला गाभुर फ्रन्टले शुरुवात गरेको पुस २९ गते मनाइने राष्ट्रिय भाक्का दिवसले अवश्य पनि नेपाली समाजको सांस्कृतिक विविधतालाई अझ मजबुत बनाएको छ । बिर्तामोडको सिटी सेनटरमा आज हुने राष्ट्रिय भाक्का दिवसको कार्यक्रमले सम्पूर्ण जातजातिबीच संस्कृतिको आदान-प्रदानहुने छ । विशेषतः भाक्का जाडो मौसममा एकदमै रुचाइने खाद्य परिकार हो । भाक्का कुनै एउटा नौलो परिकार नभई कोच आदिवासी समुदायको परम्परागत खानपान अन्तर्गत पर्दछ । तर, यतिबेला यसको स्वाद अनि स्वच्छताले सबैको मन लोभ्याएको देखिन्छ । 'भाक्का' बालबालिकादेखि वृद्धसम्म सबैले रुचाउने गरेको हुनाले यसको लोकप्रियता दिन प्रतिदिन बढ्दै गइरहेको छ । सामान्यतयाः चामलको पिठोलाइ पानीको बाफमा पकाएर भाक्का बनाउने गरिन्छ । भाक्कालाई स्वास्थ्यको दृष्टिकोणले एकदमै स्वास्थ्यवर्द्धक मानिन्छ ।

कोच समुदायभित्र यसलाई कसैले चिया र चट्नीसँग खाजाको रुपमा लिने गर्छन् त कसैले बेलुकी भोजनको रुपमा खाने गर्दछन् । हिउँदे बाली घर भित्र्याएर ढुक्क भएपछि आनन्दले नयाँ चामलको पिठोको भाक्का खाने चलन भएकाले यसलाई आनन्दको खान्की पनि भन्ने गरिन्छ । राजवंशी भाषा प्रचार समितिका संस्थापक फुलसिंह राजवंशीका अनुसार भाक्का कोच आदिवासीहरुको परापूर्वकालदेखि खाँदै आएको मौसमी खान्की हो जुन जातीय पहिचानसँग जोडिएको छ । भाक्का कोच समुदायभित्र अतिथी सत्कारका लागि पनि खुवाउने गरिन्छ । भाक्कासँग बुहाली माछाको बेजोड स्वादले जो कोहीको मुख रसाउन सक्छ । यसरी विविध तरिकाले भाक्का खाने चलन पुर्ख्यौली भए पनि अहिलेको नयाँ पुस्ताले पनि यसलाई उत्तिकै रुचाउने गरेको देखिन्छ ।

भद्रपुर-१० निवासी ७८ वर्षीय वृद्ध हरेन राजवंशीका अनुसार भाक्कासँगै पि पनि खाने चलन छ । पि चामलको पिठोबाट विशेष प्रकारले डल्ला बनाइ पानीमा उमालेर बनाइने एक परम्परागत परिकार हो । यसरी बनाइएको पि धेरै दिनसम्म राख्न मिल्ने भएकाले यसलाई इच्छा अनुसार आगोमा पोलेर वा सब्जी बनाएर पनि खाने गरिन्छ । भाक्का आजभोलि कोच आदिवासीहरुको भान्सामा मात्र सिमित नभएर गाउँ-गाउँका हाटबजार अनि शहर शहरका गल्लीदेखि ठूला-ठूला रेस्टुरेन्टहरुमा ग्राहकको मनपर्ने परिकार बन्न सफल भएको छ ।

मेचीनगर नगरपालिका-११ कि ७१ वर्षीया किसन राजवंशी विगत दुई दशकदेखि आफ्नो गुजारा टार्न भाक्काको व्यवसाय गरिरहनुभएको छ । भाक्का जाडोमा बढी रुचाइने भएकाले यसको व्यापार राम्रै हुने उहाँको अनुभव छ । नेपालको भौगोलिक र सांस्कृतिक विविधतालाई यस्ता पर्वहरुको संरक्षण र प्रवर्द्धन कार्यले अझ मलजल गरेको छ । कुनै पनि समुदायको भाषा, कला, संस्कृति पर्वहरु देशको अमूल्य गहना भएकाले यसको संरक्षण र प्रवर्द्धनमा सरकारको जिम्मेवारी उत्तिकै देखिन्छ ।

# सुनकोशी साकोसको १४औं सभा




**बिर्तामोड, पुस २८।** सुनकोशी बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको १४औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष गंगाराम ओडारीको अध्यक्षता तथा ज्येष्ठ शेयर सदस्य पुण्यप्रसाद कँडेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी उपाध्यक्ष सीता थापा लिङ्देनले स्वागत गरेकी थिइन् । संस्थाको डाँगीबारी सेवाकेन्द्रमा भएको साधारण सभामा संस्थाका अध्यक्ष गंगाराम ओडारीले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थामा शेयर सदस्य तीन हजार आठ सय ४१ जना, शेयर पुँजी एक करोड ५७ लाख रुपैयाँ, निक्षेप संकलन नौ करोड ४७ लाख ४९ हजार दुई सय १८ रुपैयाँ, कर्जा लगानी नौ करोड ६४ लाख आठ हजार छ सय दुई रुपैयाँ, वार्षिक कारोवार ४७ करोड ७९ लाख ७७ हजार तीन सय २३ रुपैयाँ १८ पैसा गरेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले शेयर सदस्यको मृत्यु हुँदा काजकिरीया खर्च वापत उपलब्ध गराउँदै आएको रकम १० हजार रुपैयाँ पुर्‍याएको, शेयर सदस्यका बाबु/आमा र श्रीमान/श्रीमतीको मृत्यु हुँदा काजकिरीया खर्च वापत पाँच हजार रुपैयाँ र महिला शेयर सदस्यको हकमा अविवाहित भए बाबु/आमा, विवाहित भए सासु/ससुराको मृत्युमा कोषको रकम प्रदान गरिने प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै एसईईमा उत्कृष्ट शेयर सदस्यका छोराछोरीलाई पुरस्कृत गरी छात्रवृत्ति रकम प्रदान गर्दै आएकोमा चालू आर्थिक वर्षदेखि प्राविधिक विषयमा उच्च शिक्षा हासिल गर्ने शेयर सदस्यका छोराछोरीलाई ११ प्रतिशत ब्याजदरमा दुई लाख रुपैयाँसम्म सहुलियत कर्जा उपलब्ध गराइने प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै संस्थाले कोरोना कहरको समयमा बिर्तामोड नगरपालिकाले स्थापना गरेको कोरोना कोषमा ३७ हजार पाँच सय रुपैयाँ र बाह्रदशी गाउँपालिकाले स्थापना गरेको कोरोना कोषमा २५ हजार रुपैयाँ प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै संस्थामा विगत आठ वर्षदेखि लेखापालको रुपमा कार्यरत् बिर्तामोड-८ मेथीवारी निवासी पदम मिश्रको ठूलो आन्द्राको क्यान्सरका कारण मृत्यु भएकोमा संस्थाले गरिदिएको बिमा रकम दुई लाख ३७ हजार छ सय ३२ रुपैयाँ मिश्रकी श्रीमती मोना मिश्र आचार्यलाई हस्तान्तरण गरेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले यसअघि लेखापाल मिश्रलाई काजकिरिया खर्चवापत ५० हजार रुपैयाँ र उपचाररत् रहेको समयमा उपचार खर्चवापत दुई लाख ३६ हजार रुपैयाँ प्रदान गरिएको बताइएको छ । त्यस्तै शेयर सदस्य सरेश राजवंशीको मृत्यु भएकोमा उनको नाममा रहेको ऋण ७८ हजार नौ सय ९३ रुपैयाँ मिनाह गरि उनकी आमा सुवासी राजवंशी र छोरा सिसु राजवंशीलाई ३९ हजार आठ सय २३ रुपैयाँ हस्तान्तरण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी शेयर सदस्यलाई निःशुल्क दुर्घटना बिमाको सुविधा, रेमिट्यान्स सेवा, ट्याव मार्फत रकम संकलनको व्यवस्था लगायतका योजना प्रतिवेदनमा उल्लेख छ । संस्थाका लेखा समितिका संयोजक नरेशकुमारसिंह राजवंशीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव तथा व्यवस्थापक कमल पराजुलीले गरेका थिए ।

# कमल नगर जेसीजमा खनाल



□ उमानाथ भण्डारी

**कमल, पुस २८।** कमल नगर जेसीज वर्ष २०२१ को अध्यक्षमा छत्रपति खनाल (गोपाल) निर्वाचित भएका छन् । कमल नगर जेसीजको छैटौं वार्षिक साधारणसभाको बन्दसत्रबाट खनाल अध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

त्यसैगरी कार्यकारिणी उपाध्यक्षमा भीम अधिकारी र देवीप्रसाद दाहाल, उपाध्यक्षमा तीर्थ पौडेल, प्रविण खड्का, नवीन भण्डारी, तालिम निर्देशकमा युवराज पाठक र जनसम्पर्क अधिकारीमा कमला दाहाल सर्वसम्मत निर्वाचित भएको संयोजक केदार कटुवालले बताए ।

# देवी पञ्चकन्या टोलमा ३३ फुटको कैलाशेश्वर महादेवको प्रतिमा

**बिर्तामोड, पुस २८।** बिर्तामोड-१ देवी पञ्चकन्या टोलमा नागरिकस्तरबाट निर्माण गरिने ३३ फुटको कैलाशेश्वर महादेवको प्रतिमाको शिलान्यास गरिएको छ।

कैलाशेस्वर महादेव प्रतिमा स्थापना तथा नमूना मार्ग निर्माण समितिका अध्यक्ष दीपककुमार दाहालको अध्यक्षता तथा प्रदेश सांसद एकराज कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रममा निर्माण समितिकी सदस्य निर्जला प्रसाईंले स्वागत गरेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश सांसद कार्कीले कैलाशेश्वर महादेव प्रतिमा स्थापना तथा नमूना मार्ग निर्माण समितिले निर्माण गर्ने ३३ फुटको कैलाशेश्वर महादेवको प्रतिमाको निर्माणका लागि प्रदेश सरकारमा पहल गर्ने बताए। उनले संघीय सरकार र स्थानीय सरकारसँग पनि सहयोगका लागि आफ्नो तर्फबाट पहल गर्ने प्रतिवद्धता जनाए।



त्यस्तै बिर्तामोड-१ का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले बिर्तामोड-१ देवी पञ्चकन्या टोलमा निर्माण गरिने ३३ फुटको कैलाशेश्वर महादेवको प्रतिमा देवी पञ्चकन्या टोलको मात्र नभएर बिर्तामोडकै गौरवको आयोजना भएकाले आफू कैलाशेश्वर महादेवको प्रतिमाको निर्माणका लागी लागीपर्ने बताए।

बिर्तामोड-१ देवी पञ्चकन्या टोलमा ३३ फुटको कैलाशेश्वर महादेवको प्रतिमा स्थापना गरिने जसमा आठ फुटको जग र २५ फुटको महादेवको प्रतिमा रहने, महादेवको प्रतिमा अगाडि पानीको फोहरा र आकर्षक बिजुली बत्तीको व्यवस्था गरिने कैलाशेश्वर महादेव प्रतिमा स्थापना तथा नमूना मार्ग निर्माण समितिका अध्यक्ष दीपककुमार दाहालले बताए।

त्यस्तै उक्त टोल प्रवेश गर्न स्वागत द्वार निर्माण गरिने बताइएको छ। स्वागतद्वार र कैलाशेश्वर महादेवको प्रतिमा स्थापना गर्न ३० लाख रुपैयाँ लाग्ने र उक्त रकम टोलवासीबाट संकलन गरिने र अपुग रकम बिर्तामोड नगरपालिकासँग माग गरिने उनले बताए। कैलाशेश्वर महादेवको प्रतिमा र स्वागतद्वार स्थानीयस्तरबाट निर्माण गरिने बताउँदै उनले नमूना मार्ग निर्माणका लागि बिर्तामोड नगरपालिका र प्रदेश सरकारको सहयोग लिइने बताए।

स्वागत द्वार र कैलाशेश्वर महादेवको प्रतिमा आगामी फागुन २७ गते शिवरात्रीको दिन अनावरण गरिने उनले जानकारी दिए। कार्यक्रममा हरिप्रसाद भण्डारी, टीका संग्रौला, प्रतिमान खड्का, देवी संग्रौला, क्याप्टेन जगतध्वज बनेम लगायतको सहभागिता रहेको थियो। निर्माण समितिका सदस्य गोपाल खतिवडाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन निर्माण समितिका सचिव युवराज दाहालले गरेको सदस्य कुमार कडरियोले जानकारी दिए।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## पसल बिक्रीमा

बिर्तामोड-५ शनिश्चरे रोड, लुइँटेल कम्प्लेक्समा ऱ्याक र डेकोरेशनसहितको खाली सटर बिक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८०७९६५३०९/९८४०२२३७५८

## घडेरी बिक्रीमा

झापाको बिर्तामोडबाट ३.८ कि.मी. को दूरीमा लक्ष्मीपुरबाट उत्तर पान्डापुरका घडेरीहरु उचित मूल्यमा बिक्रीमा छ।

मो. ९८४१३२८७९८, ९८१८९४०३१३/९८४२७५६१००

## भाडामा

अर्जुनधारा-४ मा चारवटा बोइलर कुखुरा पाल्न मिल्ने खोर, सानो पोखरी र कम्पाउण्डसहित बस्ने घर भाडामा छ। साथै हल्दीबारी-२ झिलको नजिकै राम्रो वातावरणमा ४-५ कठ्ठा जग्गा बिक्रीमा छ।

मो. ९८५१०९४०१८, ९८०८४९३७८२, ९८१५०८०३९१

## पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका-३ बुधबारे चौक (बैंक अफ काडमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८४२७७३६२०, ९८४२६५५४१३

## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चोकमा रहेको अति चालू अवस्थाको कस्मेटीक तथा फेन्सी पसल बिक्रीमा छ।

मो. ९८२३६०३५७८

# जन्मदिनको शुभकामना



हाम्रो प्यारो नाति, छोरा, भान्जो अग्रज खनाल आजबाट तेस्रो वर्ष प्रवेश गरेको सुखद् उपलक्ष्यमा उनको सु-स्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मावली हजुरबुबा : **होमप्रकाश अधिकारी**
मावली हजुरआमा : **कमला अधिकारी**
सानिमा : **अर्चना अधिकारी**
मामा : **अर्जुन अधिकारी**
अर्जुनधारा-७, झापा

हजुरबुबा : **परशुराम खनाल**
हजुरआमा : **लक्ष्मी खनाल**
बुवा : **सुवास खनाल**
आमा : **वन्दना अधिकारी खनाल**
बिर्तामोड-२, चारपाने, झापा

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## बिमालेख हरायो

बाहुनडाँगीबाट काँकरभिट्टा आउने क्रममा यही मिति २०७७/०७/२५ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- सुजता सुनुवार
**ठेगाना**:- मेनपा-३, झापा
**पोलेसी नं.**:- २०००१८७७९
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स कम्पनी

# १५ दिनमै ग्यारेन्टीका साथ दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मिति: २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोट:
UAE को चाइना पेट्रोलियम ग्यास प्लान्टमा तलब 1000DHS+Food+OT ग्यारेन्टी गरिनेछ।
UAE को डाइरेक्ट प्लाष्टिक फ्याट्टीमा फ्रेक्ट्री हेल्पर ८ घण्टा २६ दिनको ८००+४ घण्टा OT एग्रीमेन्ट गरेर पठाइने छ।


श्रम इजाजत नं. ३९६/०६०/०६१

## सगुन ओभरसिज सर्भिसेज प्रा.लि.

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोन: ९८०८०७४५९८, ९८०३०७४४३९)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## हामी सजाउँछौं हरेक भित्तालाई

BHITTA TRADING

- Wallpaper
- Wallpaints
- Wall Grass
- Floor Grass
- False Ceiling
- Canvas

सम्पूर्ण Interior तथा Exterior Design

ठेगाना : मेचीनगर-६, काँकरभिट्टा (झापा) भट्टराई चोक, सालघारी रोड

सम्पर्क नं. : राजेश गौतम ९८०३४७६१०८, विकाश गुरुङ्ग ९८०८२३०९७४

## CTEVT बाट सम्बन्धन प्राप्त 100% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो। (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)

**हाम्रा विशेषता :**
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने।
*नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ।*

**Asian Hotel Training Center**

पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरी: ९८१२३५१२७१

## विशेषज्ञ डाक्टरहरूको सेवा

**डा. सविन मानन्धर**
MBBS (KU) MD (NAMS)
बरिष्ठ बालरोग विशेषज्ञ (दैनिक सेवा)

**डा. सरोज कुमार यादव**
MBBS, MS
जनरल सर्जन युरोलोजी (दैनिक सेवा)

**डा. राजीव कोइराला**
MBBS, MD
जनरल फिजिसियन, दैनिक सेवा

**डा. प्रमोद कुमार शाह**
MBBS, MD (TU)
कन्सलटेन्ट फिजिसियन ) दैनिक सेवा: ८-१० बजे)

यहाँ अन्य सेवाहरु: डिजिटल X-Ray, होलोग्रामसहितको मेडिकल, अत्याधुनिक प्रविधिबाट प्याथोलोजी ल्याब सेवा, होलबडी चेकअप, फार्मेसी सेवा

**बुढासुब्बा मेडिकल सेन्टर प्रा.लि.**
शनिश्चरे रोड, पाथीभरा टोल नं. ४ रोड, बिर्तामोड, झापा (०२३-५४१६६२)

## जग्गा बिक्रीमा

पूर्व-पश्चिम राजमार्गस्थित चारआली चौकबाट ८०० मिटर र बिर्तामोडबाट ६ किमी टाढा इलाम जाने बाटोको पिपलडाँगीमा निम्न विशेषता भएको जग्गा बिक्रीमा छ।

**जग्गाका विशेषताहरु:**
१) चारआली चौक नजिकै मेची राजमार्गसंग जोडिएको बजार उद्योग, ब्यापार वा आवासीय प्रयोजनका लागि अति उपयुक्त।
२) तुरुन्तै घर बनाइ बसोबास गर्न सकिने।
३) २० फिटको पिच बाटो भएको प्लानिङ गरिएको।
४) कित्ता काट भएको टुक्रा-टुक्रा जग्गा वा एकमुष्ठ करिब ५०० धुर जग्गा आवश्यकता अनुसार खरिद गर्न सकिने।
५) जग्गा हेरी रु. १ लाख ८० हजारदेखि रु. २ लाख प्रतिधुरमा खरिद गर्न सकिने।
६) बैंक तथा वित्तीय संस्थाबाट जग्गा खरिद गर्न ऋण प्राप्त गर्न सकिने।

**सम्पर्क: ९८०४९८७३३३, ९८५१०९२२८३, ९८४१४१३९२६**

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब पुस १० गतेबाट खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)
**एउटा यस्तो प्रेम कहानी**
माघ १ गतेबाट प्रदर्शनमा

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०




बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)



# एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

## सूचना

*सूचना प्रकाशित मिति: २०७७/०९/२९*

यस बैंकको तपसिलमा उल्लेखित मोटरसाईकल, लिलाम बिक्री गर्ने भएकोले उक्त सामानहरु जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरिने हुँदा उक्त सामानहरु खरिद गर्न इच्छुक महानुभावहरुले आफुले लिन चाहेको मोटरसाईकलको रकम उल्लेख गरी मिति २०७७/१०/१५ गतेभित्र गोप्य शिलबन्दी दरखास्त दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपशिल**

१. मोटरसाईकल

| मोडल तथा बर्ष (इ.स.) | दर्ता नं. | सिसि | चेसिस तथा इन्जीन नं. | न्यूनतम मूल्य/प्रति एकाई |
|---|---|---|---|---|
| युनिर्कन २०१२ | मे४प ७२०४ | १५० सि.सी | ME4KC09CDC8244860 KC09E6250707 | २०,०००/- |
| युनिर्कन २०१३ | मे५प ७२९३ | १५० सि.सी | ME4LK09CED842878 KC09E86490843 | ७०,०००/- |
| अपाचे आरटिआर २०१४ | मे६प ६८४५ | १६० सि.स | MD634KE43E2K66707 OE4KE2661745 | ६५,०००/- |
| अपाचे आरटिआर २०१४ | मे६प ६८४३ | १६० सि.स | MD634KE42E2K60798 OE4KE2655999 | ७५,०००/- |
| युनिर्कन २०१४ | मे६प ८५९७ | १५० सि.सी | ME4KC09CCE8845692 KC09E86855978 | ७५,०००/- |
| युनिर्कन २०१४ | मे६प ९५७४ | १५० सि.सी | ME4KC9CME8854323 KC09E83864523 | ७५,०००/- |
| युनिर्कन २०१४ | मे६प ८६०१ | १५० सि.सी | ME4KC09CLF8846037 KCO9E86856407 | ७५,०००/- |
| युनिर्कन २०१५ | मे७प १११५ | १५० सि.सी | ME4KC09CME8854613 KC09E86864747 | ७५,०००/- |
| युनिर्कन २०१५ | मे७प १११४ | १५० सि.सी | ME4KC09CKE8839258 KC09E86849745 | ५८,०००/- |
| अपाचे आरटिआर | मे७प ३३२३ | १६० सि.सी | MD634KE40F2G80807 OE4GF2812945 | ८०,०००/- |

१. दरखास्त पेश गर्ने अन्तिम मिति : २०७७/१०/१५ गते।
२. दरखास्त खोलिने मिति : २०७७/१०/१८ गते, आईतबारको दिन दिनको ३ :०० बजे केन्द्रीय कार्यालयमा खोलिने छ।
३. आफूले लिन चाहेको कोटेशन रकमको १० (दश) प्रतिशतले हुने धरौटी वापत को रकम यस बैंकमा खाता संख्या 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा नगदै जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
४. मोटरसाईकलको नामसारी तथा दाखिला खारेज बापत लाग्ने सम्पूर्ण राजश्व एवम् दैदस्तुर सकार गर्नेलेनै व्यहोर्नु पर्नेछ।
५. दरखास्तमा उल्लेख भए बमोजिमको रकममा बिक्री गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय बैंकको हुनेछ।
६. उक्त सामानहरु हेर्न यस बैंकको केन्द्रीय कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी हेर्न सकिनेछ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र कबोल गरेको रकम बुझाई मोटरसाईकल नामसारी गरी बुझी लानुपर्नेछ। सो म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
८. बोलपत्र फारामको लागि यस बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ। तर, अधैर्य व्यवहारले आत्मसम्मानमा बाधा पुऱ्याउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
स्वास्थ्य सम्बन्धी चिन्ताले सताउन सक्छ। इर्ष्या गर्नेहरूले काममा अवरोध पुऱ्याउन सक्छन्। तापनि मेहनतको प्रतिफल प्राप्त हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ। हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला। सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन्। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
केही समय लागे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। साथीभाइले साथ दिनेछन्। पशुधन र जमिनबाट लाभ हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ। परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बेसुरमा वचन दिनाले दुःख पाइनेछ। साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
आजको दिनमा तपाईंका योजनाहरु सफलतापूर्वक बन्लान्। अरुको कुरा सुन्नाले काममा तनाव थपिन सक्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
स्वास्थ्यमा थप सुधार आउने लक्षण देखिएको छ। अरुको भर पर्दा भने जस्तो कार्य नहोला। स्वविवेक प्रयोग गर्दा राम्रो होला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आफन्तको आगमन गराउने समयको प्रभाव देखिन्छ। मान मर्यादामा वृद्धि होला। धार्मिक कार्यमा ध्यान जाला।